# दोगडाकेदार गाउँसभाको छैठौ बैठक

२०७७ असाढ १० गते

प्रस्तुत निति, कार्यक्रम

(छैठौं गाउँ सभा : मिति २०७७ असाढ १० गते)

आदरणीय यस दोगडाकेदार गाउँपालिकाको छैठौं ऐतिहासिक एवम् गरिमामय गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु ।

सम्पूर्ण विश्वनै कोभिड - १९ (कोरना भाईरस) महामारिको चपेटामा परिरहेको चुनौतिपुर्ण र असहज अवस्थामा आज यस दोगडाकेदार गाउँपालिकाको गाउँसभामा आगामी आर्थिक वर्ष २०७७/०७८ को निति कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपाली जनताको लामो समयको त्याग, बलिदानी र संघर्षपछि नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था कायम भएको परिप्रेक्ष्यमा यस व्यवस्थाको छैठौं गाउँसभामा आँगन तथा दैलोको सरकारको रुपमा चिनिने स्थानीय सरकारले आफ्नो आँगनमा यस दोगडाकेदार गाउँपालिकाको आ.व. २०७७/०७८ को निति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर पाउँदा आफुलाई भाग्यमानी ठानेकी छु र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागी आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहान्छु ।

१. कोभिड - १९ महामारीका कारण मानव जातिमाथि सताब्दीकै सबैभन्दा ठुलो संकट उत्पन्न भएको छ । विश्वस्तरमै यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन । यस महामारिबाट लाखौं मानिसहरुको ज्यान गईसकेको छ, अरु लाखौं सङ्क्रमित छन् । यस महामारिवाट संक्रमित भई नेपाल बाहिर र देश भित्र जिवन गुमाउनु हुने नेपाली नागरिकहरुका परिवारजनप्रति गहिरो सम्बेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदिवहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

२. कोभिड - १९ ले मुलुकको अर्थव्यवस्थामाथि गम्भिर धक्का पुऱ्याएको छ । उद्यम व्यवसाय प्रायःबन्द छन् । उत्पादन र वितरण प्रणाली गम्भिर रुपमा प्रभावित भएको । लाखौंको रोजगारी गुमेको छ । दिगोविकास लक्ष्यप्राप्तिमा ठूलो व्यवधान खडा भएको छ ।

३. यस महामारीबाट हुने आर्थिक क्षतिको पुर्ति त आगामी दिनमा हुनसक्छ, समाज फेरी सम्बृद्ध बन्न सक्छ । तर गुमेको अमुल्य मानव जिवनको पुनःप्राप्ति र क्षतिपुर्ति हुनसकदैन । त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातीको संरक्षण गाउँपालिकाको सर्वोच्च कर्तव्य हुन आएको छ ।

४. सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म गाउँपालिका वासी सबैमा आवह्वान गर्दछु ।

५. जोखिम पूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, जनप्रतिनिधीहरु, राष्ट्रसेवक लगाएत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपुर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ-संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । कोभिड - १९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागी नेपाल सरकार तथा गाउँपालिकाले चालेको कदममा पुर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

६. महामारी र बन्दाबन्दीबाट प्रभावित गरिब, असहाय तथा विपन्न परिवार, दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड -१९ को कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी गाउँपालिका बाट राहत उपलब्ध गराउने कार्य भएको छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

७. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकिकरण र प्रविधिकरण गरिनेछ । आवश्यक कृषि उपकरणका लागी ७० प्रतिशत अनुदानको व्यवस्था मिलाईने छ । उक्त कार्यकम सहकारी र निजिक्षेत्र संग साँझेदारी गरी संचालन गरिने छ ।

८. कृषि क्षेत्रलाई निर्वाहमुखिबाट व्यवसायमुखी र आत्मनिर्भरमुखी बनाउदै यस क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरी एक टोल एक उत्पादन कार्यकम संचालन गरिने छ ।

९. कृषियोग्य भूमिमा सिंचाई भन्ने मूल भावनाका साथ पुराना सिंचाई प्रणालीको मर्मत, थोपा सिंचाई, प्लाष्टिक पोखरी लगायत पम्पिङ्ग सिंचाईको माध्यमबाट कृषि उत्पादनमा वृद्धि हुने गरी सिंचाई क्षेत्रमा योजना बनाईने छ ।

१०. कृषि क्षेत्रमा सांझेदारीलाई बिशेष प्राथमिता दिई कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

११. कृषि क्षेत्रलाई प्राथमिकता दिई गाउँपालिका अध्यक्ष कृषि आयोजना संचालन लाई निरन्तरता दिईने छ । यो कार्यक्रम साझेदारीका रुपमा संचालन गर्न यसका लागी आवश्यक ब्यवस्था मिलाईने छ । र यसमा सहकारी तथा कृषक साझेदारी लाई जोड दिईने छ ।

१२. एक वडा एक कृषि प्राविधिक कार्यक्रम लाई निरन्तरता दिई किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने ब्यवस्था कडाईका साथ मिलाईने छ । कृषि उत्पादन लाई व्यवस्थित गर्न कृषि संकलन केन्द्र र शितभण्डार निर्माण गरिने छ ।

१३. कृषिजन्य उत्पादन लाई बजारीकरणको उचित ब्यवस्थापन गर्न कृषि सहकारीहरु लाई प्रोत्साहन गरिने छ ।

१४. कृषि बिमा कार्यक्रम लागु गरिने छ । बिमा गर्ने किसानलाई ३० प्रतिशत बिमाङ्क रकम गाउँपालिकले अनुदान दिने व्यवस्था मिलाइने छ ।

१५. कृषक दर्ता व्यवस्थापन कार्यक्रम र कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने कार्य गरिने छ र कृषि आधुनिकिकरणमा जोड दिइने छ ।

१६. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वाली साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।

१७. बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।

१८. लागत साँझेदारीमा भैसी प्रवर्द्धन र बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

१९. कृषि संकलन केन्द्रको निर्माण भईरहेको छ र शितभण्डारका लागी डि.पि.आर. तयार भई सकेकोले निर्माणका लागी संघिय र प्रदेश सरकारको सहभागितामा यस आर्थिक वर्ष भित्र निर्माण कार्य संचालन गरिने छ ।

२०. पशु बिमा कार्यक्रम लागु गरिने छ । पशु बिमा गर्ने किसानलाई ३० प्रतिशत बिमाङ्क रकम गाउँपालिका बाट अनुदान दिइने छ ।

२१. एक वडा एक पशु प्राविधिक कार्यक्रम लाई निरन्तरता दिई किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने ब्यवस्था कडाईका साथ मिलाईने छ ।

२२. दुध डेरी स्थापना, तथा पशु फर्म विकास कार्यक्रम संचालन गरिने छ । सोका लागी सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

२३. धार्मिक प्रर्यटकिय सम्भावना बोकेका मठमन्दिर, धार्मिक स्थलहरुको संरक्षण र सम्बर्धन गरिने छ। वडा नं. १ को महारुद्र मन्दिर, वडा नं. २ को चनैराज तथा रौलाकेदार, वडा नं. ३ को खोचलेक केदार, वडा नं. ४ को देउलेक धाम, वडा नं. ५ को दोगडाधाम, वडा नं. ६ को केदार मन्दिर, वडा नं. ७ को भुमिराज मन्दिर र वडा नं. ८ को मौलिङ्ग मन्दिर लगायतका सबै मन्दिरहरुमा बिशिष्ट कार्यक्रमहरु संचालन गरी धार्मिक पर्यटन वर्ष मनाईने छ।

२४. पर्यटकिय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै यस क्षेत्रमा सम्वन्धित निकायहरु संग प्रभावकारी समन्वय गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्न प्रोत्साहित गरी निजी, सहकारी र साझेदारीलाई प्राथमिकता दिइनेछ।

२५. स्थानिय संस्कृति संम्बर्धनका लागी देउडा, हुडकेली नाच, छलिया नाच, गौरा (अठेवाली) सगुनको संरक्षण सम्वर्द्धनका लागी बिषेश कार्यक्रम संचालन गरी आवश्यक बजेटको व्यवस्था गरिने छ।

२६. आन्तरीक तथा बाह्य पर्यटक प्रर्वधनका लागी पर्यटकीय आवस तथा होमस्टे संचालन गरिने छन् ।

२७. एक वडा एक खेलकुद मैदान एक व्यक्ति एक खेलको कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ र माध्यमिक विद्यालयहरुमा आवश्यक खेल सामाग्रीहरुको व्यवस्था गरिने छ। गाउँपालिकास्तरिय व्यवस्थित खेलमैदान निर्माण गरिने छ।

२८. नयाँ उद्यमीहरुलाई विकासका लागी प्रोत्साहित गरिने छ। अति गरिव परिवारका लागी साँझा सुविधा केन्द्र स्थापना गरिने र उद्यमिहरुलाई उत्पादन बृद्धिका लागी नयाँप्रविधि हस्तान्त्रण कार्यक्रम संचालन गरिने छ।

२९. उद्यमीहरुका लागी साना उद्योगहरुलाई प्रोत्साहन गरी करमा विशेष छुटको व्यवस्था मिलाईने छ। उद्योगधन्दा ब्यापार ब्यवसायको स्थापना र संचालन गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरी सहज वातावरण बनाईने छ र यस क्षेत्रमा सहकारी र निजिक्षेत्रलाई प्रोत्साहान गरिने छ। यस गाउँपालिका अन्तरगत रहेका सहकारी संस्थाहरुलाई कृर्षि, पशुपालन, पर्यटन, लघु उद्यम, लघु जलविद्युत जस्ता उत्पादन क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ।

३०. एक वडा एक लघुउद्यम कार्यक्रम संचालन गरिने छ। संघिय र प्रदेश सरकार संग समन्वय गरी वडा नं. ८ को कटौजपानीमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिने छ।

३१. सहकारी, निजि र घरेलु उद्योगहरु संचालन गर्न प्रोत्साहित गरिने छ।

३२. बिद्यमान शैक्षिक प्रणालीमा सुधार गरी ब्यवसायिक, प्राविधिक, बालमैत्री, अपाङ्गमैत्री शिक्षा प्रदान गरिने छ। शिक्षण सिकाईलाई प्रभावकारी बनाउन प्रत्येक बिद्यालमा हरेक महिना अनिवार्य अनुगमन तथा सुपरिवेक्षण गर्ने ब्यवस्था मिलाईनेछ।

३३. प्रत्येक मा. बि. लाई प्राविधिक धार संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ। एक बिद्यालय एक करेसावारी स्थापना गरिने छ।

३४. प्रत्येक मा. बि. हरुमा मल्टीमिडिया प्रविधिवाट शिक्षण सिकाई, ई-लाईब्रेरी संचालन गरिने छ। पठन पाठनमा उत्कृष्ट र अनुसाशनमा उत्कृष्ट बिद्यालयहरुलाई पुरुस्कृत गरिने छ। एक मा. बि. १ स्वयंमसेवक खेल शिक्षकका लागी आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

३५. यस गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा आधारभुत तह (कक्षा १-८) सम्म अनिवार्य अंग्रेजी माध्यम बाट पढाई संचालन गर्ने बिद्यालयहरु लाई बिशेष अनुदानको व्यवस्था मिलाईने छ। प्रारम्भिक बाल विकास केन्द्रको चौतर्फी विकासको लागी आवश्यक पहल कदमी लिईने छ।

३६. अनाथ एवम् टुहुरा बालबालिकाको संरक्षण गरी शिक्षाको उज्यालो ज्योती प्रदान गर्नको निम्ती कक्षा १ देखी कक्षा १२ सम्म अध्ययनरत वालवालिकाहरुलाई बार्षिक एकमुष्ट रकम रु. २० हजार प्रोत्साहन खर्च दिने व्यवस्थालाई निरन्तरता दिईने छ।

३७. शिक्षालाई गुणस्तरिय बनाउन बिद्यालयलाई अनुदान कार्यक्रम संचालन गरिने छ। यसका लगी आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

३८. प्रत्येक बिद्यालयमा खानेपानी र शौचालय आगामी आ. व. २०७७/०७८ मा सम्पन्न हुने गरि आवश्यक वजेटको व्यवस्था मिलाईने छ।

३९. बिद्यालयहरुमा संचालन तथा निर्माण गरिने कार्यक्रम तथा संरचनाहरु बालमैत्री बनाइने छन्।

४०. बाल बिकास केन्द्रका शिक्षक, बिद्यालय कर्मचरीहरुलाई प्रोत्साहन खर्च वाफत बार्षिक रु २ हजार लाई निरन्तरता दिईने छ।

४१. बिद्यालयहरु समायोजन तथा दरवन्दी मिलान गरी गुणस्तरिय शिक्षा प्रदानमा जोड दिईने छ।

४२. गाउँपालिकाको एक मात्र उच्च शिक्षा प्रदान गर्ने श्रीकोट बहुमुखी क्याम्पसलाई आवश्यक पुर्वाधार निर्माण गरिने छन्। थप संकाय संचालन गर्न आवश्यक पहल गरी आङ्गिक क्याम्पसका लागी संघ र प्रदेश सरकार सँग अनुरोध गरिने छ।

४३. आधारभूत गुणस्तरीय स्वास्थ सेवामा जनताको सरल पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ। संस्थागत सुत्केरी गाउँपालिका, बालविवाह रहित गाउँपालिका, कुपोषण रहित गाउँपालिका घोषणा अभियान संचालन गरिने छन्।

४४. स्वास्थ्य विमा र महिला स्वंयम सेविकाहरुको प्रोत्साहन खर्चलाई निरन्तरता दिईने छ र यस कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

४५. छोरी जन्माउने आमालाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ र यस कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

४७. स्वास्थ्य सेवालाई सहज बनाउन एम्बुलेन्स संचालन भईसकेको छ। प्रयोगशाला संचालन र जनशक्ती व्यवस्थापन लाई निरन्तरता दिई यसका लागी आवश्यक बजेटको ब्यवस्था मिलाईने छ ।

४८. संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी वडा नं. ६ सित्तडमा १५ शैयाको अस्पताल स्थापनाका लागी आवस्यक पहल गरीने छ । साथै सहकारी तथा निजिक्षेत्रसंग समन्वय गरि सामुदायिक अस्पताल संचालन गर्न चाहेमा भवन उपलब्ध गराई आवश्यक सबै सहयोगका लागी पहल गरिने छ ।

४९. सरसफाई उन्मुख गाउँपालिका बनाउन प्रत्येक वडाहरुमा ब्यक्तिगत, घराईसी र बातावरणीय सरसफाई कार्यक्रम संचालन गरी सरसफाई उन्मुख वडा घोषणा गरिने छ ।

५०. अध्यक्षको सान १००० दिनका आमाहरुको घरधुरीहरुलाई सुरक्षित पानी अभियान नमुना टोल कार्यक्रम र वडा अध्यक्षको सान पोषण युक्त नमुना टोल अभियान संचालन लाई निरन्तरता दिईएको छ ।

५१. महिला आत्मनिर्भर कार्यक्रम संचालन गरिने छ र महिलाको कार्यबोझलाई घटाउन जातो मुक्त गाउँपालिका घोषण गर्न विषेश पहल गरिने छ ।

५२. गर्वभती महिलाहरुका लागी उपाध्यक्ष कोशेली कार्यक्रम संचालनलाई निरन्तरता दिईएको छ यसका लागी आवश्यक वजेटको व्यवस्था गरिने छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

५३. समावेशीकरणको राष्ट्रिय नीति अनुरुप यस गाउँपालिका भित्र पिछडिएको वर्ग, गरिव, दलित, जनजाती, महिला, अल्पसंख्यक, उत्पीडित वर्ग लाई नीति निर्माण तहमा समाबेश गरी उनीहरुको उत्थान एवम् क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्न आवश्यक पहल कदमी गरिने छ । यसका साथै सिकाई प्रशिक्षण केन्द्र, शिल्पकला केन्द्र, बाल उद्यान तथा मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछन । छुवाछुत मुक्त गाउँपालिका, पूर्ण बिभेद रहित गाउँपालिका, छाउपडीमुक्त गाउँपालिका, बालमैत्री गाउँपालिका, महिला हिंसा रहित गाउँपालिका, जेष्ठ नागरीक मैत्री गाउँपालिका आदि जस्ता अभियानहरु संचालनमा ल्याईने छन् ।

५४. हिंसा पिडित महिलाहरुका लागी लैगिक हिंसा निवारण कोष स्थापना गरिने छ ।

५५. दलित समुदायमा रहेको परम्परागत सिप तथा व्यवसायलाई आधुनिकिकरण गर्ने तर्फ आवश्यक पहलकदमी गरिने छ ।

५६. गाउँपालिकाका सबै वार्डहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ । एक टोल एक धारा हुदै एक घर एक धारा अभियान संचालन गरिनेछ ।

५७. पूर्वाधार विकासमा विशेष जोड दिईनेछ र गाउँपालिका गौरवका आयोजनाहरुलाई उच्च प्राथमिकता दिईएको छ ।

५८. यस आर्थिक वर्ष भित्र गाउँपालिका गौरवका सडकहरुलाई उच्च प्राथमिकता दिईने छ । एक वार्ड एक चक्रपथ बनाउने योजना सञ्चालनलाई निरन्तरता दिईने छ ।

५९. निर्माण भएका गाउँपालिकाका गौरवका सडकहरु स्तरोन्नती गर्न आवस्यक बजेटको व्यवस्था मिलाईने छ ।

६०. भवन आचारसंहिता लागू गरी व्यवस्थित बजारीकरण र भुकम्प प्रर्तिरोधात्ममक घर निर्माण कार्यलाई कार्यान्वयनमा ल्याईनेछ ।

६१. ग्रामिण विद्युतिकरण, लघुउर्जा, सौर्यउर्जा आदिलाई प्राथमिकतामा राखी वडा नं. १, वडा नं. २ र वडा नं. ८ मा आ.व. २०७७/०७८ भित्र विद्युत पुऱ्याउन संघीय तथा प्रदेश सरकारलाई अनुरोध गरिने छ र उज्यालो दोगडाकेदार अभियानलाई निरन्तरता दिईने छ ।

६२. बैकल्पीक उर्जा प्रवर्धन केन्द्र तथा प्रदेश सरकार सँग समन्वय गरी सडक बत्ती विस्तार गर्दै प्रत्येक वडाहरुमा पुऱ्याईने छ । पम्पीङ्ग खानेपानी योजना, पम्पीङ्ग सिंचाई योजना, सुधारीएको घट्ट, बिद्यालयहरुमा सोलार, स्वास्थ्य चौकीहरुमा सोलार, गोवरग्यांस, सुधारीएको चुलो जस्ता कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ । साथै ईन्डेक्सन चुलो प्रवर्धन गरिने छ र सोमा ४० प्रतिशत अनुदान उपलब्ध गराईने छ ।

६३. संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय गरी औद्योगिक ग्राम निर्माण गर्न आवश्यक पहल गरिने छ ।

६४. गाउँपालिका भित्रका बजारहरुमा संघीय सरकार सँग समन्वय गरी ढलनिकास निर्माण गर्न आवश्यक पहल गरिने छ ।

६५. संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय गरी वडा नं. ८ कटौजपानीमा एकिकृत नमुना वस्ति बिकास कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

६६. दोगडाकेदार गाउँपालिकाका गौरवका आयोजना कार्यान्वयनका लागी आवश्यक साधन स्रोतको व्यवस्थापन गरिनेछ र नियमित अनुगमन र मूल्याङकन गरिने छ ।

६७. गाउँपालिका भित्र रहेका ग्रामिण सडकहरुलाई निरन्तर संचालनका लागी **सडक मर्मत स्वयंम सेवक** परिचालन गरिने छन् र यसको लागी आवश्यक बजेको व्यवस्था गरिने छ ।

६८. वातावरण संरक्षण गर्न एक व्यक्ति २ विरुवा अभियान संचालन गरिने छ र यसका लागी एक वडा एक नर्सरी स्थापना कार्यक्रमका साथै **नर्सरी नाईके तथा वन रक्षक स्वयंसेवक** परिचालन गरिने छन् ।

६९. जोखीम तथा विपत व्यवस्थापनलाई ध्यानमा राखी बिपत व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईने छ ।

७०. बित्तिय सुशासन तथा क्षमता विकासका लागी सहकारी तथा निजि क्षेत्रलाई समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिने छन ।

७१. गरीवी निवारण कोष द्वारा संचालित समुहहरुलाई सहकारीहरु सँग समायोजन गरी गरीवी निवारण कोषले लगानी गरेको बिउपुँजी कोषलाई सहकारीमा सुरक्षित गरिने छ ।

७२. समृद्ध दोगडाकेदार गाउँपालिका निर्माणका लागी यस क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाहरु, अन्तर्राष्ट्रिय संघ सस्थाहरु, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी योजना तथा कार्यक्रम सञ्चालन गरिने छन् ।

७३. सामाजिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी, परिणाममुखी र सेवाग्राही मैत्री बनाउन आवश्यक पहल कदमी गरिने छ । पारदर्शिता, सूचनाको हक, बिधिको शासन, जनउत्तरदायित्व आदि सुनिश्चित गरी गाउँपालिका भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको ब्यवस्था, सूचना सार्वजनकिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा संचालन गरिने छ । यसका साथै खटिएर ईमान्दारीपूर्वक काम गर्ने राष्ट्रसेवक कर्मचारी लाई उचित पुरुस्कारको ब्यवस्था गरिने छ र कानून भन्दा बाहेक अनुपस्थित रहने, घुस तथा कमिसन लिने, जनतालई दु:ख दिने, सेवा प्रवाहमा ढिलो गर्ने मादक पदार्थ सेवन गर्ने जस्ता अनुचित कार्य गर्ने कर्मचारी तथा सार्वजनिक पद धारण गरेका ब्यक्तिलाई कारवाहीको दायरा भित्र ल्याईने छ ।

७४. सार्वजनिक तथा सामाजिक सेवाको क्षेत्रमा रक्सी, धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनलाई पुर्ण रुपमा निषेध गरिनेछ । उपभोक्ताको हक हित संरक्षण गर्न प्रत्येक पसलमा मुल्य सूचि राख्न लगाईने छ र गुणस्तरयुक्त समाग्रीको सुनिश्चिताको लागी समय समयमा अनिवार्य वजार अनुगमन गरिने छ र गुणस्तरहिन सामाग्री भेटिएमा प्रचलित कानून बमोजिम कारवाहि गरिनेछ ।

७५. यस गाउँपालिकाको सूचना तथा संचार प्रविधिको विकास एंवम विस्तारको लागि आवस्यक ब्यवस्था मिलाईने छ । दोगडाकेदारको सामाजिक, ऐतिहासिक, संस्कृति झल्किने गरी संग्रहालयको स्थापना गर्न पहल गरिनेछ । डोटेलि भाषाको संरक्षण र सम्बद्धन गर्नका लागी आवश्यक पहल कदमी गरिने छ ।

७६. युवा वर्गको बिकासका निम्ति गाउँपालिका युवा स्वरोजगार कार्यक्रम संचालन गरिने छन । स्वच्छ जीवनका लागी खेलकुद भन्ने मुल मर्मका साथ खेलकुद क्षेत्रको बिकासको लागी आवश्यक पहलकदमी गरिनेछ ।

७७. यस गाउँपलिपाकाको आर्थिक स्तरबृद्धी गर्न करका दर भन्दा पनि दायराहरु फराकिलो बनाईने छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु ।**

७८. गाउँपालिका अध्यक्ष स्वरोजगार कार्यकम संचालन गरी रोजगारी श्रृजना गरिने छ ।

७९. पर्यटन क्षेत्रको विकास गर्न चमेलिया नदिमा ऱ्याप्टीङ, जिपफ्लायर जस्ता पर्यटकिय कार्यकमहरु संचालन गरिने छन ।

८०. गाउँपालिकाले संचालन गर्दै आएका विकास निर्माण तथा दिगोविकासको लक्ष अनुरुप गाउँपालिकाले कृर्षि स्वयंम सेवक, पशुपालन स्वंयम सेवक, विकास निर्माण स्वयंम सेवक र खानेपानी मर्मत स्वयंम सेवक परिचालन गरिने छन ।

८१. गाउँपालिका भित्रको वजार सुरक्षा तथा शान्ती सुरक्षाका लागी गाउँपालिका प्रहरी स्थापना गरिने छ ।

८२. गरिव घर पहिचान तथा गरिव परिचय पत्र वितरण र गरिव लक्षित विषेश कार्यक्रम संचालन गरिने छन ।

८३. पञ्जीकरण सम्बन्धी सबै वडा कार्यालयहरुमा अनलाईन प्रणालीबाट काम हुनेछ र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन गरिने छन् ।

८४. सार्वजनीक जमिन, गौचर, मठमन्दिरको गुठी, सामुदायिक वन अतिक्रमण रोक्न विशेष पहल गरिने छ ।

अन्त्यमा,

यस नीति, कार्यक्रम निर्माणका साथै स्थानीय तह संचालन गर्ने राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, ब्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडाकेदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आगामी आ. वा. २०७७/०७८ का लागि देहाय बमोजिमको आय व्यय अनुमान गरिएको छ ।

तपसील

**आय अनुमान :**

आन्तरिक आम्दानी श्रोतको अनुमान रु. ९६,३०,०००।- (९६ लाख ३० हजार)

नेपाल सरकारबाट प्राप्त हुने अनुदान :

सामाजिक सुरक्षा अनुदान रु. ९,००,००,०००।- (९ करोड) अनुमान गरिएको छ )

सशर्त अनुदान रु. २२,६५,००,०००।- (२२ करोड ६५ लाख)

बित्तिय समानिकरण अनुदान रु. ९,७३,००,०००।- (९ करोड ७३ लाख)

राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान रु. ७,७५,४६,०००।- (७ करोड ७५ लाख ४६ हजार ६ सय ९० रुपायाँ)

सम्पूरक अनुदानको अनुमान रु. १,५२,००,०००।- (१ करोड ५२ लाख)

बिशेष अनुदानको अनुमान रु. १०००००००।- ( १ करोड)

<u>प्रदेश सरकार बाट प्राप्त हुने अनुदान :</u>

वित्तिय समानिकरण अनुदान रु. ६७,४७,०००।- (६७ लाख ४७ हजार)

सवारीसाधन कर बाँडफाँडबाट प्राप्त हुने अनुदान रु. १६,४२,०००।- (१६ लाख ४२ हजार)

सम्पूरक अनुदानको अनुमान रु. १,४२,७८,०००।- (१ करोड ४२ लाख ७८ हजार)

बिशेष अनुदानको अनुमान रु. ५४,००,०००।- (५४ लाख)

अन्य निकाय तथा संघ संस्था बाट प्राप्त हुने अनुदान रु. ०

**जम्मा आय अनुमान रु. ५५,४२,४३,६९०।- (५५ करोड ४२ लाख ४३ हजार ६ सय ९० रुपयाँ)**

**<u>व्यय अनुमान</u>**

सम्पुरक अनुदान तर्फ रु. ५,८९,५६,०००।- **( ५ करोड ८९ लाख ५६ हजार)**

बिशेष अनुदानको अनुमान रु. १,५४,००,०००।- ( १ करोड ५४ लाख)

समाजिक सुरक्षा तर्फ रु. ९,००,००,०००।- **(९ करोड) अनुमान गरीएको छ।**

सशर्त अनुदान रु. २२,६५,००,०००।- **(२२ करोड ६५ लाख)**

चलु तर्फ रु. ७,५०,९३,८८०।- **(७ करोड ५० लाख ९३ हजार ८ सय ८० रुपैयाँ)**

सम्पुरक कोष रु. २,०७,९३,८१०।- **(२ करोड ७ लाख ९३ हजार ८ सय १० रुपैयाँ)**

कार्याक्रम संचाल तथा प्रशासनिक खर्च :

- फर्निचरमा रु. १०,००,०००।-
- पुंजिगत अनुसन्धान तथा परामर्शमा रु. १५,००,०००।-
- सवारी साधनमा रु. ५०,००,०००।-

**विकास वजेटका लागी बाँकी रु. ६,००,००,०००।- ( ६ करोड )**

१- आर्थिक बिकास तर्फ रु. **१ करोड ८० लाख ३०%**

- कृषि ( **७० लाख**)
- पशु विकास ( **५० लाख**)
- उद्योग तथा बाणिज्य (**३० लाख**)
- पर्यटन ( **३० लाख**)

२- समाजिक विकास तर्फ रु. १ **करोड ८० लाख ३०%**

- शिक्षा ( **४० लाख**
- स्वस्थ्य ( **४० लाख**)
- खानेपानी तथा सरसफाई ( **६० लाख**)

- संस्कृति प्रवर्धन ( **१०. लाख**)
- लैगिक समानता तथा समाजिक समावेशिकरण तथा बिविध ( **३० लाख**)

३- पुर्वाधार विकास रु.  **१ करोड ८० लाख**    **३०%**

- सडक तथा पुल (झोलङ्गे पुल सहित) ( **६० लाख**)
- सिंचाई ( **५० लाख**)
- भवत तथा शहरीविकास  ( **३० लाख**)
- उर्जा, लघु तथा साना जलबिद्युत  (बैकल्पीक उर्जा समेत)
- संचार, खानेपानी पुर्वाधार तथा बिबिध ( **४० लाख**)

४- वातावरण तथा बिपद व्यवस्थापन रु. **३६ लाख**     **६%**

- वन तथा भूसंरक्षण
- जलाधार संरक्षण
- वतावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहर मैला व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण
- विपत ब्यवस्थापन
- वारुण यन्त्र संचालन
- लेण्डफिल्ड साईड तथा बिविध

५- संस्थागत विकास तथा सेवा प्रवाहः रु. **१२ लाख**    **२%**

- मानव संसाधन विकास संस्थागत क्षमता विकास
- संस्थागत पुर्वाधार
- नागरिक वडापत्र तथा टोकन प्रणाली
- सेवा प्रवाहमा मापदण्ड निर्धारण
- सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन
- अभिलेख व्यवस्थापन
- सुरक्षा व्यवस्थापन तथा विविध

६- बित्तिय व्यवस्थापन तथा सुशासन रु. **१२ लाख**     **२%**

- लेखाङ्कन तथा राजश्व परिचालन
- सामाजिक परिक्षण

- अन्तिम लेखा परिक्षण तथा वेरुजू
- सार्वजनिक सुनुवाई
- आन्त्रिक नियन्त्रण तथा लेखा परिक्षण
- वित्तिय अनुसाशसन तथा जोखीम न्यूनिकरण र विविध

**जम्मा ब्यय अनुमान रु. ५५,४२,४३,६९०।- (५५ करोड ४२ लाख ४३ हजार ६ सय ९० रुपयाँ)**

**आ. व. २०७७/०७८ शिर्षक अनुसार खर्च विनियोजन**

| क. सं. | विवरण | | श्रोत | | रकम रु |
|---|---|---|---|---|---|
| चालु तर्फ | | | | | |
| | | | संघिय सरकार | राजश्व वांडफांड | रकम रु |
| कर्मचारी | कर्मचारी तलब | | संघिय सरकार | राजश्व वांडफांड | ३००००००० |
| | स्थानिय भत्ता | | संघिय सरकार | राजश्व वांडफांड | ३४१९८८० |
| | महंगी भत्ता | | संघिय सरकार | राजश्व वांडफांड | २०६४००० |
| | पोषाक | | संघिय सरकार | राजश्व वांडफांड | ७००००० |
| | अन्य भत्ता | | संघिय सरकार | राजश्व वांडफांड | २००००० |
| | अनुगमन मुल्याङकन खर्च | | संघिय सरकार | राजश्व वांडफांड | ५००००० |
| | कर्मचारी प्रोत्साहान तथा पुरुस्कार | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० |
| | भ्रमण खर्च | | संघिय सरकार | राजश्व वांडफांड | ३००००० |
| | संचार महसुल | | संघिय सरकार | राजश्व वांडफांड | ६०००० |
| | बिविध खर्च | | संघिय सरकार | राजश्व वांडफांड | २००००० |
| | | | | | **३७४९३८८०** |
| गाउंकार्य पालिकाको कार्यालय | पानी बिजुली | | संघिय सरकार | राजश्व वांडफांड | १००००० |
| | संचार महसुल | | संघिय सरकार | राजश्व वांडफांड | २५०००० |
| | ईन्धन (कार्यालय प्रयोजन) | | संघिय सरकार | राजश्व वांडफांड | ५००००० |
| | सवारी साधन मर्मतखर्च (स्कभेटर, टिपर, लोडर, ऐम्बुलेन्स अन्य) | | संघिय सरकार | राजश्व वांडफांड | ३५००००० |
| | बिमा तथा नविकरण | | संघिय सरकार | राजश्व वांडफांड | ५००००० |
| | मेसीनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | | संघिय सरकार | राजश्व वांडफांड | ५००००० |
| | मसलन्द तथा कार्यालय समाग्री | | संघिय सरकार | राजश्व वांडफांड | १०००००० |
| | ईन्धन अन्य प्रयोजन | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० |
| | पत्रपत्रीका छपाई तथा सुचना प्रकासन खर्च | | संघिय सरकार | राजश्व वांडफांड | ३००००० |
| | सेवा परामर्श खर्च | | संघिय सरकार | राजश्व वांडफांड | २००००० |
| | सुचना प्रणाली तथा सफ्टबेयर खर्च | | संघिय सरकार | राजश्व वांडफांड | १५०००० |
| | करार कर्मचारी सेवा शुल्क | | संघिय सरकार | राजश्व वांडफांड | ९२५०००० |
| | घर भाडा | | संघिय सरकार | राजश्व वांडफांड | ४००००० |
| | अन्य भाडा | | संघिय सरकार | राजश्व वांडफांड | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य सेवा शुल्क | | संघिय सरकार | राजश्व बांडफांड | ४००००० |
| | सभा संचालन खर्च | | संघिय सरकार | राजश्व बांडफांड | १५०००० |
| | अनुगमन मुल्यडकन खर्च | | संघिय सरकार | राजश्व बांडफांड | ३००००० |
| | बिविध खर्च | | संघिय सरकार | राजश्व बांडफांड | ७००००० |
| | भैपरिआउने | | संघिय सरकार | राजश्व बांडफांड | ३००००० |
| | कर्मचारी कल्याण कोष | | संघिय सरकार | राजश्व बांडफांड | १०००००० |
| | | | | | **२०५५००००** |
| पदाधिकारी | निर्वाचित पदाधिकारी सुविधा | | संघिय सरकार | राजश्व बांडफांड | १२७००००० |
| | बैठक भत्ता | | संघिय सरकार | राजश्व बांडफांड | २००००० |
| | अन्य सुविधा | | संघिय सरकार | राजश्व बांडफांड | ३००००० |
| | अन्य भत्ता | | संघिय सरकार | राजश्व बांडफांड | २००००० |
| | ईन्धन | | संघिय सरकार | राजश्व बांडफांड | १५०००० |
| | संचार महसुल | | संघिय सरकार | राजश्व बांडफांड | १५०००० |
| | अनुगमन मुल्यडकन खर्च | | संघिय सरकार | राजश्व बांडफांड | ५००००० |
| | बिविध खर्च | | संघिय सरकार | राजश्व बांडफांड | ६५०००० |
| | | | | | **१४८५००००** |
| वड नं. १ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. २ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ३ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ४ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ५ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ६ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ७ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| वड नं. ८ कार्यालय संचालन (बैठक भत्ता,संचार महसुल,अनुगमन, तथा मुल्याङ्कन, सवारी साधन, पानी बिजुली, बिविध) | | | गाउंपालिका | अन्तरिक आम्दानी | २७५००० |
| | | | | | **२२०००००** |
| जम्मा चलु तर्फको रकम रु. | | | | | **७५०९३८८०** |
| कार्यसंचालन तथा प्रशासनिक | फर्निचर तथा फिक्चर्स | | संघिय सरकार | राजश्व बांडफांड | १०००००० |
| | पुजीगत अनुसन्धान तथा परामर्श | | गाउंपालिका | अन्तरिक आम्दानी | १५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| खर्च | सवारीसाधन खरिद | | गाउंपालिका | अन्तरिक आम्दानी | ५०००००० |
| | | | | | **७५०००००** |
| | **सम्पुरक कोष अनुदान तर्फका योजना** | | | | **५८९५८०००** |
| | श्रीकोट बहुमुखी क्याम्पस हस्टिल बिल्डिङ | | संघिय सरकार | समपुरक अनुदान | १५२००००० |
| | | | संघिय सरकार | बित्तिय समानिकरण | १५२००००० |
| | गोवडा लिप्ट खानेपानी योजना | | प्रदेश सरकार | समपुरक अनुदान | ४७४१००० |
| | | | संघिय सरकार | बित्तिय समानिकरण | ४७४१००० |
| | कफल्डीगाढ उस्कला सैनिखेत लिप्ट सिंचाई योजना | | प्रदेश सरकार | समपुरक अनुदान | ४५३८००० |
| | | | संघिय सरकार | बित्तिय समानिकरण | ४५३८००० |
| | खोचलेक सित्तड रिम डिलाशैनी सडक | | प्रदेश सरकार | समपुरक अनुदान | ५०००००० |
| | | | संघिय सरकार | बित्तिय समानिकरण | ५०००००० |
| **बिषेश अनुदान तर्फका योजना** | | | | | **१५४०००००** |
| १ | खोपटेखोला चौगाउं सौर्य लिप्ट खानेपानी योजना | | संघिय सरकार | बिषेश अनुदान | १००००००० |
| २ | खोचलेक जिमकोट न्वाली सडक | | प्रदेश सरकार | बिषेश अनुदान | २२००००० |
| ३ | खोचलेक कपडा कलौना सडक | | प्रदेश सरकार | बिषेश अनुदान | २२००००० |
| ४ | खद्यसुरक्षा तथा आमनिर्भर कृषि कार्यक्रम | | प्रदेश सरकार | बिषेश अनुदान | १०००००० |
| **समपुरक कोष** | | | संघिय सरकार | बित्तिय समानिकरण | **२०७९२८१०** |
| **नविकरणिय उर्जा कार्यक्रम** | | | | | |
| १ | ढिक्कगाढ सैनीखेत सौर्य लिप्ट सिंचाई योजना | | | | |
| २ | धार्मिक स्थल सोलार जडान | | | | |
| ३ | सौर्य सडक बत्ती | | | | |
| ४ | आमेजारदेउली जमाडीगाड,बर्तली , कुलाझेली वागा, बगाडी गाड, वोगाटे, घट्टीखेत र गलसेरा झो.पु, | | | | |
| ५ | बेथाड मुडाखेत गरलहल्ला खानेपानी तथा सरसफाई योजना | | | | |
| ६ | शितभण्डार निर्माण | | | | |
| ७ | सहकारी संस्था भवन तथा सहकारी कार्यक्रमहरु | | | | |
| **आर्थिक विकास** | | | | | |
| **कृषि तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | ७०००००० |
| | एक वडा एक प्रविधिक त.भ. | | | | |
| | एक वडा एक नर्सरी | | | | |
| | एक वडा एक पकेट क्षेत्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | एक टोल एक उत्पादन | | | | |
| | साझेदारी कार्यक्रमहरु | | | | |
| | गाउंपालिका अध्यक्ष कृषि आयोजना | | | | |
| **पशुपन्छी विकास तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | ५००००००० |
| | एक वडा एक प्रविधिक | | | | |
| | एक वडा एक पकेट क्षेत्र | | | | |
| | साझेदारी कार्यक्रमहरु | | | | |
| | बाखा विकास सांझेदारी कार्यक्रम | | | | |
| | भैसी पालन सांझेदारी कार्यक्रमहरु | | | | |
| | कुखुरा पालन साझेदारी कार्यक्रमहरु | | | | |
| **उद्योग तथा बाणिज्य तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | ३०००००० |
| | साना तथा घरेलु उद्योग अनुदान तथा प्रर्वधन कार्यक्रमहरु संचालन गरिने छन । | | | | |
| | **पर्यटन** | | संघिय सरकार | राजश्व वांडफांड | ३०००००० |
| | सास्कृतीक सम्बर्धन तथा पर्यटन प्रर्वधनका कार्यक्रमहरु संचालन गरिने छन । | | | | |
| **सामाजिक विकास** | | | | | |
| **शिक्षा तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | ४०००००० |
| | बिद्यालयमा खानेपानी तथा सौचालय मर्मत, बिद्यालय अनुदान, खेलकुद सम्बन्धी कार्यक्रम, बिद्यालय करेसावरी, बलविकास केन्द्र शिक्षक र बिद्यालय कर्मचारी प्रोत्सहान, सुचना तथा प्रविधी कार्यक्रम हरु संचालन गरिने छन् । | | | | |
| **स्वास्थ्य तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | ४०००००० |
| | कोभिड १९ को संक्रमण तथा रोकथाम, महिला स्वयंम सेविका हरुलाई प्रोत्साहन खर्च, उपाध्यक्षको कोसेलि कार्यक्रम, नमुनाटोल पोषण कार्यक्रम, प्रयोगसाल संचालन, पुर्ण सुत्केरी वडा घोसण | | | | |
| | | | | | |
| **खानेपानी तथा सरसफाई तर्फ** | | वडा नं. | संघिय सरकार | बित्तिय समानिकरण | ६०००००० |
| १ | रिम बृहत खा. पा. योजना क्रमागत | १ | संघिय सरकार | बित्तिय समानिकरण | १२००००० |
| २ | बडिया खा.पा. योजना क्रमागत | २ | गाउंपालिका | अन्तरिक आम्दानी | ९३०००० |
| ३ | टापसेरा कोलडाडा खा.पा. योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | २४७१९० |
| ४ | कमलपुर वडाकार्यालय खा.पा. मर्मत योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ५ | मडरु मुडेखेत सुनखोला कालापाट आईरेगाउं बेण्डा खा.पा. योजना | ३ | संघिय सरकार | राजश्व वांडफांड | ४००००० |
| ६ | दाडीमगडा खा.पा. योजना | ४ | संघिय सरकार | राजश्व वांडफांड | २५२८१० |
| ७ | ढुङ्गेपानी खा.पा. योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ८ | जिमकोट खा.पा. योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० |
| ९ | दोली खा.पा. योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० |
| १० | भकन्ना सेटिगाउं लोखडा पाली कुरमुलेघाडी खा.पा. | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| ११ | खातिगाउं खा.पा.योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ठाडिगाढ थागिल खा.पा. योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| १३ | बुदिल पाडी खा.पा. योजना | ७ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १४ | बसौरा खा.पा. टैकी निर्माण योजना | ७ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १५ | कालापनी खा.पा. योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० |
| १६ | धुनियाडी खा.पा.योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १७ | खानेपानीहरु मर्मत गा.पा. | | संघिय सरकार | बित्तिय समानिकरण | २७०००० |
| **संस्कृती प्रवर्धन तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | **१००००००** |
| | स्थानिय कला, संस्कृती, धार्मीक तथा सास्कृतिक कार्यहरु संचालन गरिने छन । | | | | |
| **लैङ्गीक समान्ता तथा समाजिक समाबेशिकरण तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | **३००००००** |
| | आनथ एवं टुहुरा वालवालिका हरुलाई पढाई प्रात्साहान खर्च, महिला स्वयंम सेविका हरुलाई प्रोत्साहन खर्च, जातो मुक्त गाउंपालिका कार्यक्रम संचालन गरिने छन । | | | | |
| **भौतिक पुर्वाधार** | | | | | |
| **सडक तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | **६००००००** |
| १ | भुल्योडा बसरा सडक निर्माण योजना | १ | | | ०.०० |
| २ | किम्तोला खालीमाई खोली हुदै मल्ली बण्डा सडक निर्माण योजना | १ | | | ०.०० |
| ३ | कपलकोट कमलपुर वडाकार्यालय सम्म सडक निर्माण योजना | २ | | | ०.०० |
| ४ | घेडेधार तिमलागैर सडक निर्माण योजना | ३ | | | ०.०० |
| ५ | सुपले मंगरु सुकुम्वासी बस्ती हुदै लेक कपडा सडक निर्माण योजना | ३ | | | ०.०० |
| ६ | खोचलेक सुनखोला कपडा सडक निर्माण योजना | ३ | | | ०.०० |
| ७ | भण्डारी गाढ सडक निर्माण योजना | ४ | | | ०.०० |
| ८ | सिल्लेक बनकाडा सडक निर्माण योजना | ५ | | | ०.०० |
| ९ | न्वालीमोड देखी माबी हुदै गोवडा सडक निर्माण योजना | ५ | | | ०.०० |
| १० | सित्तड पुतौना सडक निर्माण योजना | ६ | | | ०.०० |
| ११ | खौला धौलढुंगा सडक निर्माण योजना | ६ | | | ०.०० |
| १२ | खया मणिलेक पन्जयुनया सडक निर्माण योजना | ६ | | | ०.०० |
| १३ | मेल्वोरा च्यानी मडालेक पन्ज्यूनयां सडक निर्माण योजना | ६ | | | ०.०० |
| १४ | गडबडे जोगीडर सडक निर्माण योजना | ६ | | | ०.०० |
| १५ | चडेपानी देउलेक धाम सडक निर्माण योजना | ७ | | | ०.०० |
| १६ | रिखाली दार्कुडी मन्दिर सडक निर्माण योजना | ७ | | | ०.०० |
| १७ | माल्लेक सोपना सडक निर्माण योजना | ८ | | | ०.०० |
| १८ | माल्लेक गोरङ्ग सडक निर्माण योजना | ८ | | | ०.०० |
| | गाउंपालिका सूचिमा रहेका बिभिन्न सडक योजनाहरु मर्मतका लागी | | | | ०.०० |
| **सिंचाई तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | **५००००००** |
| १ | सिम बिसा सिंचाई निर्माण योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| २ | धोरडी कालीखेत सिंचाई निर्माण योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ३ | बास गोरङ सिंचाई पोखरी निर्माण योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ४ | ढाण सोतेखोला सिंचाई निर्माण योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ढाण पाती मजगाउ सिंचाई निर्माण योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ६ | ढिक्कगाढ सेलौना बगर सिंचाई निर्माण योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० |
| ७ | आईरे गाउ पोखरी निर्माण योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ८ | सेरा सिंचाई निर्माण योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ९ | घट्टेखोला जईखडा सिमोडा सिंचाई निर्माण योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १० | काडा सिंचाई निर्माण योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| ११ | जुकुना सिंचाई निर्माण योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| १२ | बिटकम सिंचाई निर्माण योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० |
| १३ | जिमकोट सिंचाई निर्माण योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १४ | सानीगाढ लामाखेत  सिंचाई निर्माण योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० |
| १५ | कन्यूरखोला रुणीखांड सिंचाई निर्माण योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १६ | डाडी खर्क  सिंचाई निर्माण योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० |
| १७ | झनखोला सिंचाई निर्माण योजना | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| १८ | ढाकरा सिंचाई निर्माण योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| १९ | पल्ला सिंचाई निर्माण योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० |
| **भवन तथा सहरी विकास तर्फ** | | | संघिय सरकार | बित्तिय समानिकरण | **३००००००** |
| १ | अतिथी गृह घेर पर्खाल निर्माण योजना | | | | |
| २ | कृर्षि उपज संकलन केन्द्र निर्माण योजना | | | | |
| ३ | वडा नं. २ कार्यालय भवन निर्माण योजना | | | | |
| ४ | सहकारी भवनहरु | | | | |
| **संरचना, खानेपानी पुर्वाधार तथा बिविध** | | | | | ४०००००० |
| १ | गाडिखेत सुजला रिखाली खानेपानी तथा सरसफाई योजना ( RVWRMP) | | प्रदेश सरकार | बित्तिय समानिकरण | २५००००० |
| २ | केशेडा मणिलेक खानेपानी तथा सरसफाई योजना (RVWRMP) | | संघिय सरकार | बित्तिय समानिकरण | १५००००० |
| **वतावरण तथा विपद व्यवस्थापन** | | | | | |
| | वनतथा भुसंरक्षण, जलाधार संरक्षण, वतावरण संरक्षण, जलवायू परिवर्तन, फोहर मौला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र संचालन, लेण्डफिल्ड साईड तथा विवध | | प्रदेश सरकार | बित्तिय समानिकरण | **३६०००००** |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानव संसाधन विकास सस्थागत क्षमता विकास, संस्थागत सुधार, नागरिक वडा पत्र तथा टोकन प्रणाली, सेवा प्रवाहमा मापदण्ड निर्धारण, सूचना प्रविधी, पञ्जिकरण व्यवस्थापन, अभिलेख व्यवस्थापन, सुरक्षा व्यवस्थापन तथा विविध | | प्रदेश सरकार | सवारी साधन कर | ४४२००० |
| | सहकारी व्यवस्थापन ताली, सहकारी सुदृढीकरण र सहकारी कार्यक्रम | | प्रदेश सरकार | सवारी साधन कर | ६४७००० |
| | डिजिटल सुचना प्रणली | | संघिय सरकार | बित्तिय समानिकरण | १११००० |
| **बित्तिय व्यवस्थापन तथा सुसासन** | | | | | |
| | लेखाङ्न तथा राजश्व परिचालन, सामाजिक परिक्षण, अन्तिम लेखा परिक्षण तथा वेरुजू, सार्वजनिक सुनवाई, आन्त्रिक नियन्त्रण तथा लेखा परिक्षण, बित्तिय अनुसासन तथा जोखिम न्यूनिकरण र विविध | | प्रदेश सरकार | सवारी साधन कर | १२००००० |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम बाट संचालन गरीने योजनाहरु** | | | | |
| १ | कुम्तडी कुलबटा हुदै कलौ पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |
| २ | भादडा रिम मा.बि. पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |
| ३ | जेवला तालर पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| ४ | सिल्लेगडा लेकथला पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| ५ | डाङ बमनी मन्दिर पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| ६ | कांडा बलौरा मन्दिर पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| ७ | सेला खोजाथली पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| ८ | पनखाना सलसेना पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| ९ | सलेना बर्थिङ्ग देखी गोलागाउं पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| १० | सेटिपला भगवती मा.बि. पि.सि.सि. बाटो निर्माण योजना | ६ | | | ०.०० |
| ११ | खोला पटौटी पि.सि.सि. बाटो निर्माण योजना | ६ | | | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | भुमीराज मा.बि. ढुडेपानी पि.सि.सि. बाटो निर्माण योजना | ७ | | | ०.०० |
| १३ | मौली प्रा.बि. देखी सैनी पि.सि.सि. बाटो निर्माण योजना | ८ | | | ०.०० |
| १४ | मल्लेक कालापानी पि.सि.सि. बाटो निर्माण योजना | ८ | | | ०.०० |
| १५ | घोरडी स्वास्थ्यचौकी पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |
| १६ | टम्टौडा कौली पञ्चदेव महारुद्र पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |
| १७ | गैरी खते गोरङ बण्डा रिम  पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |
| १८ | मन्वाडांडा वडाकार्यालय पि.सि.सि. बाटो निर्माण योजना | २ | | | ०.०० |
| १९ | पितरकाडांडा पानी धार पि.सि.सि. बाटो निर्माण योजना | २ | | | ०.०० |
| २० | वलीगाउं ईणाकोट पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| २१ | डाङ उस्कला पि.सि.सि. बाटो निर्माण योजना | ३ | | | ०.०० |
| २२ | बसाली सडक देखी देउलेक धाम पि.सि.सि. बाटो निर्माण योजना | ४ | | | ०.०० |
| २३ | ग्वानी गडला पि.सि.सि. बाटो निर्माण योजना | ४ | | | ०.०० |
| २४ | रोड देखी लेक सम्म पि.सि.सि. बाटो निर्माण योजना | ४ | | | ०.०० |
| २५ | मल्ला घर पिड हुदै भुराज मदन्दिर पि.सि.सि. बाटो निर्माण योजना | ४ | | | ०.०० |
| २६ | भल्वां टुपाघर गजाल पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| २७ | न्वाली मोड वडा कार्यालय पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| २८ | लवडीगाउं पि.सि.सि. बाटो निर्माण योजना | ५ | | | ०.०० |
| २९ | पञ्चदेव खयां पि.सि.सि. बाटो निर्माण योजना | ६ | | | ०.०० |
| ३० | लामाखेत लटीनाथ पि.सि.सि. बाटो निर्माण योजना | ६ | | | ०.०० |
| ३१ | छानी सिल्लेगडा पि.सि.सि. बाटो निर्माण योजना | ७ | | | ०.०० |
| ३२ | खोला भैसेकुडा सिल्लेगडा पि.सि.सि. बाटो निर्माण योजना | ७ | | | ०.०० |
| ३३ | बलकट्टे देखी ढिकगाढ पि.सि.सि. बाटो निर्माण योजना | ७ | | | ०.०० |
| ३४ | गा.पा. देखी सैनीगौला पि.सि.सि. बाटो निर्माण योजना | ७ | | | ०.०० |
| ३५ | रातढुंगा पि.सि.सि. बाटो निर्माण योजना | ८ | | | ०.०० |
| ३६ | गोरङ गैरीखेत पि.सि.सि. बाटो निर्माण योजना | १ | | | ०.०० |

अन्त्यमा,

यस बजेट निर्माणका सथै स्थानिय तह संचालन गर्ने राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, व्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडाकेदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।